# वार्षिक प्रगति प्रतिवेदन

# समृद्धिका लागि वन परियोजना

आ. व. ०७९ /०८०

पालिकाको नामः **रैनादेवी छहरा गाउँपालिका, पाल्पा, लुम्बिनी प्रदेश**

## परियोजनाको संक्षिप्त परिचय

समृद्धिका लागि वन परियोजना नेपाल सरकार र विश्व बैङ्कको संयुक्त प्रयासबाट नेपालको लुम्बिनी प्रदेश तथा मधेश प्रदेश गरी जम्मा १८ जिल्ला र ५० वटा पालिकाहरुमा (२५लुम्बिनी प्रदेश र २५ मधेश प्रदेश) कार्यान्वयन भएको छ। यस परियोजनाको लागि विश्व बैङ्कले २ करोड ४० लाख यु एस डलर करिब ३ अरव नेपाली रुपैया लगानी उपलब्ध गराएको छ। जसमध्ये २५.५ प्रतिशत अनुदान र ७४.५ प्रतिशत ऋण रहेको छ। यस पञ्च-वर्षिय परियोजनाको अबधि आ.ब. ०७८।०७९ देखी ०८२।०८३ सम्म रहेको छ, जसको लक्ष्य दिगो वन व्यवस्थापनमा सुधार गर्ने, वनबाट प्राप्त हुने मौद्रिक तथा गैह्रमौद्रिक फाइदाहरु वृद्धि गर्ने, हरित ग्यास उत्सर्जन न्युनीकरणमा योगदान गर्ने रहेको छ। यसैगरी, यो परियोजनाको ४ वटा संभागहरु रहेका छन्- नयाँ सरकारी संरचनाका लागि दिगो वन व्यवस्थापनको लागि आवश्यक पर्ने योजना तथा क्षमता विकास, समुदायमा आधारित दिगो वन व्यवस्थापन तथा साना किसानका लागि वृक्षरोपण, वनमा आधारित उद्दमको सुधार तथा विकास र परियोजना व्यवस्थापन, अनुगमन तथा सिकाई। यो परियोजनाले तिन वटै सरकारलाई (संङ्घीय, प्रदेश र स्थानीय) समावेश गरी, तिनीहरु बिच समन्वय तथा सहकार्य गरी दिगो वन व्यवस्थापनमा सुधार गर्न ठुलो भुमिका खेलेको छ। तेही उद्धेश्यले यो परियोजना पाल्पा जिल्लामा ३ वटा गाँउपालिकामा कार्यान्वयन भएको छ जस मध्य यस रैनादेवी छहरा गाउँपालिका पनि रहेको छ।

## वार्षिक प्रगति विवरण आ. व. ०७९ /०८०

आर्थिक वर्ष ०७९ /०८० को कार्यक्रमहरुको संक्षिप्त विवरण तल पेश गरिएको छ।

प्रमुख प्रशासकीय अधिकृत

## १. निर्वाचित जनप्रतिनीधिहरुको क्षमता विकास

संघीय सरकारबाट हस्तान्तरीत कार्यक्रम समृद्धिका लागि वन कार्यक्रम अन्तर्गत निर्वाचित जनप्रतिनीधिहरुको लागि वन, वातावरण सम्बन्धी नीति नियम र वन उद्यम सम्बन्धि तालिम मिति २०८०/०२/०८ गतेका दिन यस गाउँपालिकाको बैठक हलमा बिहान ९.०० बजेदेखि साँझ ५ बजेसम्म सञ्चालन भएको थियो।

➢ **सहभागीहरु:** कार्यक्रममा निर्वाचित ८ वटै वडाका प्रतिनीधिहरु र विभिन्न शाखाका शाखा प्रमुखहरु गरी जम्मा ६० जनाको उपस्थिती रहेको थियो। कार्यक्रमको प्रशिक्षण डिभिजन वन कार्यालयका प्रमुख श्री नारायणदेव भट्टराई र सहायक वन अधिकृत श्री उपेन्द्र अर्यालले गर्नुभएको थियो।

➢ **सिकाई विधि:** कार्यक्रममा प्रशिक्षकले नियम कानुनको बारेमा जानकारी दिदै अन्य कुराहरु छलफल माध्यमबाट सिकाई रहेको थियो।

➢ **सिकाइ उपलब्धीहरु:**

यस कार्यक्रमले निर्वाचित जनप्रतिनीधिहरुमा देहाय बमोजिमका सिकाइ उपलब्धिहरु भए।

१. समृद्धिका लागि वन कार्यक्रम किन संघीय सरकारले सञ्चालनमा ल्याएको हो ?

२. समृद्धिका वन कार्यक्रमले के कस्ता उदेश्यहरु लिएको छ र ति उदेश्य पुरा गर्नका लागि स्थानीय सरकारको के कस्तो भूमिका रहेको छ?

३. प्रदेश वन ऐन २०७८ र नियमावली २०७८ को बारेमा जानकारी ।

४. प्रदेश वातावरण संरक्षण ऐन र नियमावलीको बारेमा जानकारी ।

५. वन क्षेत्रमा लैङ्गिक समावेशीकरण तथा सामाजिक समावेशिकरणको बारेमा जानकारी।

६. स्थानीय तहको वन क्षेत्रको रणनीतिक योजना भनेको के हो? यसको आवश्यकता किन? र के कसरी तयार पार्न सकिन्छ सोको जानकारी ।

प्रमुख प्रशासकीय अधिकृत

कार्यकामको फोटोहरुः







प्रमुख प्रशासकीय अधिकृत

## २. न्यायिक समितिलाई गुनासो निवारण संयन्त्रमा क्षमता विकास

न्यायिक समितिको क्षमता विकास तालिम मिति २०८०/०२/२६ गतेका दिन यस गाउँपालिकाको बैठक हलमा सञ्चालन भएको थियो।

- **सहभागीहरुः** न्यायिक समितिका पदाधिकारीहरु, ८ वटै वडाका मेलमिलाप कर्ताहरु, वडा सचिव, वन वातावरण तथा विपद् व्याथापन समितिका पदाधिकारीहरु र विभिन्न शाखाका शाखा प्रमुखहरु गरी जम्मा ५५ जनाको उपस्थिती रहेको थियो। कार्यक्रमको सहजीकरणका/प्रशिक्षणका लागि जिल्ला अदालतका न्यायधिस श्री कमलराज विष्ट र डिभिजन वन कार्यालयका सहायक वन अधिकृत श्री उपेन्द्र अर्यालले गर्नुभएको थियो।

- **सिकाई विधिः** कार्यक्रममा प्रशिक्षकले काम गर्दा समावेश गर्नैपर्ने वातावरणीय तथा सामाजिक सरुक्षाको बारे जानकारी, मुद्धा मामिला आए कसरी निवारण गर्ने भन्दै अन्य कुराहरु छलफल माध्यमबाट सिकाई रहेको थियो।

- **सिकाइ उपलब्धीहरुः** यस कार्यक्रमले न्यायिक समितिका पदाधिकारी, मेलमिलापकर्ता, वडा सचिव र वन वातावरण तथा विपद् व्यवस्थापन समितिका पदाधिकारीहरुमा देहाय बमोजिमका सिकाइ उपलब्धिहरु भए।

१. समृद्धिका लागि वन परियोजना किन संघीय सरकारले सञ्चालनमा ल्याएको हो र यसको कार्यान्वयनमा के कस्ता गुनासाहरु आउन सक्छन् र सोको समाधानका लागि के कस्ता कानूनी प्रावधानहरु रहेका छन्।

२. समृद्धिका लागि वन परियोजनामा गुनासो सुन्ने संयन्त्रमा को को पर्दछन् र ति संयन्त्रको व्यवस्थापनमा के कसरी अगाडी बढ्न सकिन्छ।

३. कार्यक्रमहरु गर्दा के-कस्ता वातावरणीय तथा सामाजिक सरुक्षा समावेश गर्नुपर्छ र कसरी गर्ने सो बारे जानकारी।

प्रमुख प्रशासकीय अधिकृत

कार्यकामको फोटोहरुः



## न्यायिक समितिको क्षमता अभिवृद्धि गर्न रैनादेवी छहरामा कार्यक्रम सञ्चालन





प्रमुख प्रशासकीय अधिकृत

## ३. पालिकाको वनक्षेत्रका सरोकारवालाहरुको वार्षिक भेला

पालिकाको वनक्षेत्रका सरोकारवालाहरुको वार्षिक भेला मिति २०८०/०३/०१ गतेका दिन यस गाउँपालिकाको सभा हल अंमलाबासमा दिउसो १२ बजे देखि साँझ ५.३० बजेसम्म सञ्चालन भएको थियो।

➢ **सहभागीहरुः** सामुदायिक वन उपभोक्ता समितिका अध्यक्षहरु / प्रतिनिधिहरु, सव-डिभिजन वन कार्यलयका प्रमुख र वन रक्षकहरु, सामुदायिक वन उपभोक्ता महासंघका रैनादेवी छहरा गाउँपालिकाको संयोजक, काठ र जडिबुटीजन्य उधमीहरु, ईलाका प्रहरी कार्यलय प्रमुख, वन, वातावरण तथा विपत् व्यवस्थापन समितीका सदस्यहरु, पत्रकार र विभिन्न शाखाका शाखा प्रमुखहरु गरी जम्मा ८४ जनाको उपस्थिती हुनुभएको थियो।

➢ **सिकाई विधिः** समृद्धिका लागि वन परियोजनका बारेमा वन प्राविधिक सुरुची भट्टराईबाट कार्यपत्र प्रस्तुत गरी उक्त परियोजनका बारेमा पालिकाको वनक्षेत्रका सरोकारवालाहरुलाई जानकारी गराईएको थियो। साथै, उक्त परियोजनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न वन क्षेत्रका सरोकारवालाहरुसँग अन्तरकृया तथा छलफल गरी सल्लाह तथा सुझाबको आदान प्रदान गरिएको थियो।

➢ **कार्यक्रमका उपलब्धीहरुः** पालिकाहरुको वनक्षेत्रका सरोकारवालाहरुको वार्षिक भेलाको देहाय बमोजिमका सिकाइ उपलब्धिहरु भए।

१. पालिकाको वनक्षेत्रका सरोकारवालाहरुलाई समृद्धिका लागि वन परियोजनका बारेमा जानकार बनाएको छ।

२. समृद्धिका लागि वन परियोजनको उदेश्य पुरा गर्नका लागि सरोकारवालाहरुको भूमिका बारेमा सरोकारवालाहरुलाई जानकारी गराइयो।

३. समृद्धिका लागि वन परियोजनालाई आगामी दिनमा सकृय रुपमा कसरी अगाडी बढाउन सकिन्छ भनेर सल्लाह तथा सुझाबको आदान प्रदान र छलफल गरियो।

४. आ. व. ०८० /०८१ को वन, वातावरण सम्बन्धित कार्यक्रमहरुको संक्षिप्त जानकारी र छलफल गरियो।

प्रमुख प्रशासकीय अधिकृत

कार्यकामको फोटोहरुः








प्रमुख प्रशासकीय अधिकृत

४. यस गाउँपालिकामा परियोजनाको लागि शाखा कार्यालयको स्थापना, वन प्रबिधिकको नियुक्ति, शाखा फर्निसिङ, ।T सम्बन्धी उपकरणहरु र सवारी खरिदको काम सम्पन्न।

### वार्षिक खर्च विवरण

यस गाउँपालिकामा आ. व. ०७९ /०८०मा समृद्धिका लागि वन परियोजना तर्फ ३७,००,००० रुपैयाँ विनियोजन गरिएको थियो जसमध्य बाह्र लाख अन्ठाउन्न हजार अठासी रुपैयाँ (रु.१२,५८,०८८) खर्च भएको छ। आ. व. ०७९ /०८०मा समृद्धिका लागि वन परियोजना अन्तर्गत कुल वजेटको ३४% रकम खर्च भएको छ।

### कार्यान्वयन गर्दाका चुनौतीहरुः

- स्थानिय तहमा वन सम्बन्धी आधारभूत तथ्याङ्कको अभावले गर्दा परियोजनाको कार्यक्रमहरुको कार्यान्वयन योजनामा चुनौती आएको।
- स्थानिय तहको तल्लो निकायहरुसँग यो परियोजनाको बारेमा अभिमुखीकरण कम भएको हुनाले परियोजनाको प्रारािम्भक चरणमा समन्वय गर्न गाह्रो भएको।

### सुधारका लागि सुझावहरुः

- कार्यसम्पादन सहज गराउन परियोजनाको कार्यक्रम कार्यविधि अझै स्पष्ट र विस्तृत गराउन पर्ने।
- परियोजनाको व्यवस्थापन एकाईहरु (सङ्घिय, प्रादेशिक र स्थानिय तह) बिच चुस्त पर्यवेक्षण र संचार हुनपर्ने।

### निष्कर्षः

यस गाउँपालिकाले आ. व. ०७९/०८०मा समृद्धिका लागि वन परियोजना अन्तर्गत विशेष गरी संस्थागत सुदृढीकरण तथा क्षमता अभिवृद्धि कम्पोनेन्ट र आयोजना

प्रमुख प्रशासकीय अधिकृत

अनुगमन मूल्यांकन एवं सुशासन कम्पोनेन्ट अन्तर्गतका कार्यक्रमहरु सम्पन्न गरेको छ। यस गाउँपालिकामा यो परियोजनाको कार्यान्वयन २०८० साल जेठ महिनावाट सुरु भएकाले गाउँपालिकाले छोटो अवधिमा दिगो वन व्यवस्थापन तथा वृक्षारोपणको कम्पोनेन्टका कार्यक्रमहरु लागु गर्न सकेन। अबको आ. व. ०८०/८१मा सबै कम्पोनेन्टलाई समावेश गरेर कार्यक्रमहरु गर्ने लक्ष्य गाउँपालिकाले लिएको छ। साथै, परियोजनाको व्यवस्थापन एकाईहरु वाट चुस्त पर्यवेक्षण र सहयोगको अपेक्षा गाउँपालिकाले गर्दछ।

प्रमुख प्रशासकीय अधिकृत